

**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १६३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असार १४ गते मंगलबार ❑ 28 June 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## मन्त्रिपरिषद्मा हेरफेर



**रासस**
**काठमाडौं, १३ असार**

राष्ट्रपति विद्यादेवी भण्डारीले गत असार २९ गते गठित मौजुदा मन्त्रिपरिषद्मा आइतबार हेरफेर गर्नुभएको छ।

राष्ट्रपति भण्डारीले संविधानको धारा ७६ को उपधारा (९) तथा धारा ७८ को उपधारा (१) बमोजिम प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा चार मन्त्री र एक राज्यमन्त्रीको नियुक्ति र कार्यविभाजन तोक्नुभएको राष्ट्रपति कार्यालयले जनाएको छ। नयाँ मन्त्रीहरुमा जीवनराम श्रेष्ठ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, मेटमणि चौधरी सहरी विकास मन्त्रालय, भवानीप्रसाद खापुङ स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय र शेरबहादुर कुँवरलेश्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारी प्राप्त गर्नुभएको छ। त्यसैगरी राज्यमन्त्रीमा हिराचन्द्र केसी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय हुनुहुन्छ।नेकपा (एकीकृत समाजवादी) का तर्फबाट सरकारमा उहाँहरुलाई सहभागी गराइएको हो।

## पर्यटन प्रवर्द्धनका लागि हेम्जामा १७ औँ रोपाइँ महोत्सव

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ असार**

'सबै मौसमका लागि पोखरा' भन्ने मूल नाराका साथ पोखरा पर्यटन परिषद्को आयोजनामा असार १५ गते हेम्जामा रोपाइँ महोत्सवको हुने भएको छ। पोखरा-२५ हेम्जास्थित माई स्थानको करिब १० रोपनी क्षेत्रफलमा महोत्सव गर्न लागिएको परिषद्का अध्यक्ष गोपीबहादुर भट्टराईले पत्रकार सम्मेलनमार्फत जानकारी दिनुभयो।

अध्यक्ष भट्टराईले कृषि प्रधान देश भनेर चिनिने नेपालका, कृषि, पर्यटन र ऊर्जा मुलुकका विशेष प्राथमिकताभित्र पर्ने क्षेत्र मानिए पनि आर्थिक विकासमा यी क्षेत्रले गति लिन नसकेको जनाउँदै यसको उजागर गरेर पर्यटन प्रवर्द्धनका लागि महोत्सवको आयोजना गरिएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "सन् १९६० मा खाद्यान्न निर्यातमा चर्चा कमाएका कृषि प्रधान मुलुक नेपाल खाद्यान्न आयात गर्ने स्थितिमा पुगेको छ, भूउपयोगसम्बन्धी उपयुक्त नीति र योजना समयमा नै नआएको कारण कृषियोग्य भूमि विभिन्न नाममा अस्तव्यस्त पारिएको छ, यो विषयमा अब सोच्नुपर्छ।" उहाँले पोखरा र यस वरपरका क्षेत्रमा भएका बिरुवा फाँट, कुँडहर फाँट ,हेम्जा फाँट, सेदी बगर, पामे, बाच्छेबढुवा, कमलपोखरी, अर्मला फाँट लेखनाथका विभिन्न फाँटहरू जस्ता धान खेतीयोग्य जमिन दिनानुदिन घडेरीका रूपमा प्रयोग हुने कार्य तीव्र गतिमा भइरहेकाले पोखराको प्राकृतिक सौन्दर्यलाई कायम राख्न आवश्यकता रहेको औंल्याउनुभयो। खेतीयोग्यजमिनकोसंरक्षण,कृषिलाई व्यवसायीकरण गर्दै कृषकलाई आफ्नो पेसाप्रति अभिप्रेरित गर्नु तथा परम्परागत हाम्रो कृषि प्रणालीमार्फत पोखराको पर्यटन प्रवर्द्धन गर्ने मूल उद्देश्यका साथ विगत २०६१ सालदेखि पोखरा पर्यटन परिषद्ले निरन्तर रूपमा पोखरामा असारे रोपाइँ महोत्सवको आयोजना गर्दै आएको परिषद्का उपाध्यक्ष एवम् महोत्सव संयोजक पोमनारायण श्रेष्ठले जानकारी दिनुभयो। उहाँले पोखरा-२५, माईस्थान प्राङ्गण हेम्जामा स्थानीयवासीको करिब १० रोपनी क्षेत्रफल खेतमा आयोजना गरिएको र सो अवसरमा हलगोरु दौड, असारेगीत तथा रोपाइँ प्रतियोगिता, हिलोमा माछा समात्ने प्रतियोगिता, हिलोमा महिला पुरुष दौड प्रतियोगिता, विदेशी पर्यटक दौड प्रतियोगिता र रस्सा कसी प्रतियोगिता गरिएको जानकारी दिनुभयो। संयोजक श्रेष्ठका अनुसार महोत्सव व्यवस्थापनका लागी खर्चतर्फ रु २४ लाख ५० हजारको बजेट अनुमानित गरिएको छ भने सो खर्चको व्यवस्थापनका लागी नेपाल पर्यटन बोर्ड, पोखरा महानगरपालिका, पर्यटन मन्त्रालयलगायत विभिन्न सङ्घसंस्था एवं व्यावसायिक प्रतिष्ठानहरूसँग समन्वय गरिएको छ। पत्रकार सम्मेलनमा महोत्सवस्थलका स्थानीय संयोजक हरिशरण पौडेलले कृषिका लागि उर्वर मानिने हेम्जालाई महोत्सव हुनु सकारात्मक रूपमा लिएको जनाउँदै स्थानीयवासीका साथ रहने बताउनुभयो। नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख काशिराज भण्डारीले असारे रोपाइँ पनि देशको संस्कृति झल्काउने लोक संस्कृतिसँगै कृषिको महत्वलाई उजागार गर्ने भएकाले पर्यटन प्रवर्द्धनमा भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले नेपाल पर्यटन बोर्डले पर्यटन प्रवर्द्धनका लागि विभिन्न पर्यटकीय गतिविधि जोड दिँदै आएको बताउनुभयो।

कार्यक्रममा परिषद्का महासचिव रामचन्द्र शर्माले महोत्सवमा हुने विविध कार्यक्रमका बारेमा जानकारी दिनुभएको थियो। उहाँका अनुसार संस्थाका उपाध्यक्ष पोमनारायण श्रेष्ठको संयोजनमा २४ सदस्यीय मूल आयोजक समिति तथा विभिन्न उपसमितिहरू साथै स्थानीय संयोजक हरिशरण पौडेलको संयोजत्वमा विभिन्न उपसमितिहरू गठन गरिएको छ। साथै महोत्सव सचिवालय पोखरा पर्यटन परिषद्को सचिवालय नारेश्वरबोट लेकसाइडमा रहेको जानकारी दिनुभयो।

## राजनीतिक परिवर्तनसँगै देश समृद्धिको यात्रामा अगाडि बढेको छ : अध्यक्ष दाहाल

**रासस**
**काठमाडौं, १३ असार**

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले राजनीतिक परिवर्तनसँग मुलुक समृद्धिको यात्रा अगाडि बढीरहेको बताउनुभएको छ।

नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठानले शनिबार आयोजना गरेको 'नेपालमा समाजवाद : चुनौती र सम्भावना' विषय विचार गोष्ठीमा उहाँले राजनीतिक परिवर्तन पछाडि दलहरूले केही गरेनन् भन्नेमा कुनै सत्यता नरहेको जिकिर गर्नुभयो। "परिर्वतन पछाडि केही भएन, राजनीतिक दलहरूले केही पनि गरेनन् भन्ने सत्य होइन," उहाँले भन्नुभयो, "नेपाली जनताको लामो सङ्घर्ष र बलिदानपछि ऐतिहासिक महत्वका राजनीतिक परिवर्तन मात्रै होइन, त्यो परिवर्तनलाई संवैधानिक ढङ्गले संस्थागत गर्नेप्रक्रियासमेतसंविधानसभाबाट भएको छ, यसलाई कम ठान्नु हुँदैन।" १० वर्षे जनयुद्धमा हजारौँको त्याग र बलिदानबाट नै मुलुकमा सङ्घीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशी, समानुपातिक मान्यता स्थापित भएको उल्लेख गर्दै उहाँले प्राप्त उपलब्धिलाई कमजोरी ठान्नु इतिहासप्रति अन्याय हुने बताउनुभयो। संविधानको प्रस्तावनामा नै मुलुक समाजवादउन्मुख दिशामा लैजाने विषय स्पष्टसँग लेखिएको स्मरण गराउँदै पूर्वप्रधानमन्त्री दाहालले नागरिकको जीवनस्तरलाई माथि उठाउन संविधानले धेरै महत्वपूर्ण मौलिक अधिकारका प्रावधान समावेश गरिएको बताउनुभयो।

"प्राप्त उपलब्धिलाई खासै केही होइन, जनताले अहिले पनि केही पाएका छैनन् भनी व्याख्या गर्नु जनताले गरेको त्याग, तपस्या र बलिदानको जगबाट जुन परिवर्तन आएको छ, परिवर्तन र जनताको अपमान हुन्छ", उहाँले भन्नुभयो, "तर हामी पूर्ण रूपमा सन्तुष्ट छैनौँ, संविधानमा व्यवस्था भएअनुसार ऐन बनाउन सकेका छैनौँ।" अध्यक्ष दाहालले परिवर्तनलाई जनताको घर दैलोमा पुऱ्याउने र जनताले अनुभूत गर्ने गरी विकास र समृद्धि ल्याउनुपर्नेमा राजनीतिक नेतृत्वबीच समान सोच बन्न नसकेको बताउनुभयो। "एकथरीलाई यो उपलब्धि मन परेको छैन, परिवर्तन विरोधी तत्वहरू कहीँ न कहीँ संविधानलाई नै खारेज गर्न लागि परेका छन्", उहाँले भन्नुभयो।

## नागरिकता विधेयक धेरै दिन सदनमा नरहोस् भन्नेमा छौँ : गृहमन्त्री

**रासस**
**काठमाडौं, १३ असार**

गृहमन्त्री बालकृष्ण खाणले संसद्मा विचाराधिन रहेको नागरिकता विधेयकलाई दलको सहमतिमा अघि बढाउने प्रयत्नमा सरकार लागेको बताउनुभएको छ। विधेयक अघि बढाउने सन्दर्भमा उहाँले विभिन्न राजनीतिक दलका शीर्ष नेतृत्वसँग पटकपटक छलफल गरिरहनुभएको छ।

राष्ट्रियसभामा सोमबार विनियोजन विधेयकमाथि उठेका प्रश्नको जवाफ दिने क्रममा गृहमन्त्री खाणले भन्नुभयो, "नागकिरता विधेयक धेरै दिनसम्म सदनमा नरहोस्, चाँडो पास भएर जाओस्, नागरिकतासम्बन्धी समस्यालाई सम्बोधन गर्न सकियोस् भन्ने नै सरकारको सत्प्रयास रहेको छ।"

नागरिकता प्राप्त गर्न नसकेका युवाका बारेमा केही सिफारिसपत्र तयार पारेर उनीहरूलाई नागकिरले प्राप्त गर्ने मौलिक अधिकारको व्यवस्था गर्न लागिएको पनि उहाँले जानकारी दिनुभयो। गृहमन्त्रीका अनुसार बैंक खाता, अध्ययन, सिमकार्ड, आयोगका विज्ञापनमा दरखास्त दिन पाउने सवारी अनुमतिपत्र लिन, सवारी साधन खरिद गर्न, मुद्दा मालिला, प्यान लिन, व्यावसाय दर्ता, जन्मदर्ता रोजगारीलगायत सुविधाहरू प्राप्त गर्नका लागि आवश्यक व्यवस्था मिलाउन लागिएको छ।

नागरिकता प्राप्त गर्न वञ्चित रहेको अवस्थामा विधेयक पास नहुँदासम्म सरकारले आदेश जारी गरेर आवश्यक सुविधाका लागि गृहले कानुन मन्त्रालयमा यससम्बन्धी मस्यौंदा पेश गरेको जानकारी दिँदै उहाँले यसले चाँडै नै आकार लिनेमा आफू विश्वस्थ रहेको बताउनुभयो।

गृहमन्त्री खाणले विपद् व्यवस्थापनसम्बन्धी आवश्यक तयारी गरिएको र पूर्व तयारी, उद्धार, राहत तथा पुनःस्थापनका लागि आवश्यक कम शुरु गरिएको जानकारी दिनुभयो। हवाई उद्धारमा सेनालाई तयारी अवस्थामा राखिएको तथा विपद् न्यूनीकरण र क्षति भएको स्थानमा उद्धार तथा राहतमा विशेष ध्यान रहेको बताउनुभयो। उहाँले विगत केही वर्षदेखि बाढीबाट हुने मृत्युको सङ्ख्या घटे पनि पहिरोबाट हुने क्षति नघटेको उल्लेख गर्नुभयो।

गृहमन्त्री खाणले भुँइचालोका कारणले पहाडी क्षेत्र हल्लिएको र सानो पानीले नै पहाडमा पहिरो खस्ने घटना दोहोरिएको बताउनुभयो। पछिल्लो पटक संयुक्त उद्धार टोली खडा गरेर राखिएको छ। कुल ६० जना गोताखोर समेत तयार गरिएको र सातै प्रदेशमा राखिएको तथा सेनाले पनि विपद् प्रशिक्षण चलाइरहेको गृहमन्त्रीले जानकारी दिनुभयो।

सशस्त्र प्रहरीले चितवनको कुरिनटारमा विपद् व्यवस्थापनमा केन्द्र स्थापना गरेको उहाँले जानकारी गराउनुभयो। नारायणगढ-मुग्लिनमा बढी, पहिरो

बाँकी अन्तिम पृष्ठमा ▶▶

## छोरी जन्माएर बन्ध्याकरण गर्ने दम्पत्तिलाई करमा छुट


**पोखरापत्र संवाददाता**
**दमौली, १३ असार**

तनहुँको व्यास नगरपालिकाले छोरी मात्र पाएर स्थायी बन्ध्याकरण गर्ने दम्पत्तिलाई करमा छुट दिने नीति पारित गरेको छ।

'लैङ्गीक भेदभावमुक्त व्यास नगर' बनाउने उद्देश्यसहित छोरी मात्र पाएर स्थायी बन्ध्याकरण गर्ने दम्पत्तिलाई सबै करमा २० प्रतिशत छुट दिने नीति नगरपालिकाले पारित गरेको हो।

छोरी २० वर्ष नपुग्दासम्म नगरपालिकाबाट लगाइने सम्पत्ति करलगायतका सबै करमा २० प्रतिशत छुट दिने नीति नगरसभाबाट पारित भएको उपप्रमुख इन्दिरा दरैले जानकारी दिनुभयो। नगरपालिकाले 'आत्मनिर्भर छोरी, सशक्त व्यास नगर' अभियानमा छोरीको २० वर्ष पुगेपछि मात्र विवाह गर्नेलाई नगद सहयोग गर्ने प्रबन्ध मिलाउने भएको छ। दलित, आदिवासी जनजाति, दुरा, बोटे, दराई, कुमाल, चेपाङका छोरीलाई सम्मान गर्दै त्यस्ता छोरीको विवाहमा नगद सहयोग गरिने र २० वर्ष पुगेपछि मात्र विवाह गर्न प्रचारप्रसार एवं अभिमुखीकरण कार्यक्रमलाई तीव्र बनाइने उपप्रमुख दरैले जानकारी दिनुभयो। नगरपालिकाले महिलाको क्षमता विकास एवं सीप विकास गरी आत्मनिर्भर बनाउन 'उपप्रमुख महिला सीप विकास कार्यक्रम' सञ्चालन गर्ने नीति लिएको छ। नगरपालिकाभित्र स्थायी बसोबास गर्ने स्नातक तहसम्म योग्यता हासिल गरेका विपन्न बेरोजगार महिलालाई उद्यमशीलता विकासका लागि अनुदान, स्वास्थ्य सङ्कटमा रहेका विपन्न महिलालाई आर्थिक सहयोग, 'महिलासँग उपप्रमुख कार्यक्रम' अन्तर्गत गर्भवतीको पोषणमा सहयोग गर्ने नीति पारित भएको छ। उच्च शिक्षा अध्ययन गर्ने आर्थिकरुपमा विपन्न रहेका छात्रालाई छात्रवृत्ति, दलित, सिमान्तकृत, लोपोन्मुख जाति एवं मुस्लिम समुदायका महिलालाई नेतृत्व विकास एवं सीप विकासका कार्यक्रम सञ्चालन गरिनेछ। नगरपालिकाले सबै जातजातिको मौलिक संस्कृति संरक्षण गर्दै कुसुण्डा, बोटे, चेपाङ, दरै, कुमाल, मगर, गुरुङ, नेवार, मुस्लिम, अन्य जातका सांस्कृतिक एवं जीवनोपयोगी सीपमूलक कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने उपप्रमुख दरैले बताउनुभयो। नगरभित्र स्थायी बसोबास गर्ने विद्यालय तहसम्म योग्यता हासिल गरेका विपन्न बेरोजगार महिलालाई उद्यमशीलता

बाँकी अन्तिम पृष्ठमा ▶▶

# भूमिअधिकार मञ्च कास्कीको ३ बुदे माग

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ असार**

भूमिअधिकारबाट वञ्चितहरुको हक अधिकार सुनिश्चित गर्नका लागि वकालत गर्दै आएको भूमि अधिकार मञ्च कास्कीका प्रतिनिधि मण्डलले पोखरा महानगरपालिकाका ३३ वटै वडाका वडा अध्यक्षहरु लाई आफ्नो माग पत्र पेश गर्ने अधियान सुरु गरेका छन् ।



सुरुमा पोखरा महानगर पालकिाका मेयर धनराज आचार्यलाई आफ्ना समस्या र माग प्रति ध्यानाकर्षन गराएको मञ्चले अब हरेक वडाका वडा अध्यक्षलाई पनि भेटेर आ आफ्नो वडाका समस्या समाधान गर्न दबाव दिने उद्देश्यले समस्या सहितको ३ बुदे माग पत्र पेश गर्ने अभियान सुरु गरेको मञ्चका कास्की जिल्ला अध्यक्ष प्रेमबहादुर गुरुङले बताए। पोखरा वडा नं. ९ का वडा अध्यक्ष दिपेन्द्र मरासिनीलाई माग पत्र हस्तान्तरण गरेर अभियानको सुरु भएको मञ्च कास्कीका सस्थापक अध्यक्ष एवं प्रदेश सदस्य राम बहादुर लामिछानेले बताए। मञ्चका कास्की जिल्ला अध्यक्ष प्रेमबहादुर गुरुङ सहित मञ्चका संस्थापक अध्यक्ष एव गण्डकी प्रदेश सदस्य रामबहादुर लामिछाने, केन्द्रिय सदस्य कन्या गुरुङ्, गण्डकी प्रदेश सदस्य टेकबहादुर पुन, जीत बहादुर मुक्तान, कास्की जिल्ला सदस्य नंन बहादुर श्रेष्ठ, पोखरा महानगर अध्यक्ष लेखमाया थापा, उपाध्यक्ष भिम दर्जी लगाएतको प्रतिनिधि मण्डलले पोखरा महानगरपालिकाका वडा नं. ९, १०, १५, १, ६, १६ र १९ को कार्यालयमा गई वडा अध्यक्षहरुलाई मागपत्र पेश गरेका हुन । यसै गरे अन्य वडाहरुमा पनि माग पत्र पेश गर्दै जाने अध्यक्ष प्रेम बहादुर गुरुङले बताए।

पत्रमा पोखरा महानगरपालिका र ३३ वटै वडाहरुमा राष्ट्रिय भूमि आयोगको सहजीकरण समितिमा मञ्चको तर्फबाट १ महिला र १ पुरुषलाई मनोनित गर्नुपर्ने उल्लेख छ।

त्यसैगरी भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थीत वसोवासीहरुलाई भोगाधिकारको आधारमा सोही स्थानमा जग्गाको नाप नक्सा गरी निस्सा उपलब्ध गराई पूर्जा सहितको व्यवस्था गर्न र विगत २०६८ सालमा नेपाल सरकारले गठन गरेको सुकुम्बासी समस्या समाधान आयोगले भूमिहिन सुकुम्बासीहरुलाई छानविन गरी उक्त वस्तीहरुमा जग्गा नाप नक्सा समेत तयार गरी सुकुम्बासी परिचयपत्र वितरण गरेको हुनाले उक्त प्रमाणलाई आधारमानी निजहरुलाई सोही स्थानमा श्रेस्ता कायम गरी पूर्जा वितरण गरियोस् भन्ने माग पत्रमा उल्लेख गरिएको मञ्चका कास्की जिल्ला अध्यक्ष प्रेमबहादुर गुरुङले वताउनु भयो। हाल सम्म माग पत्र पेश गरिएका पोखरा महानगरका वडाका वडा अध्यक्षले पत्रमा उल्लेखित मागको संबोधन हुने गरि काम गर्ने बताए।

# राष्ट्रिय महिला भलिबल मंगलबारदेखि सुरु

**रासस**
**काठमाडौं, १३ असार**

बागमती प्रदेश खेलकुद विकास परिषद् र न्यू डायमण्ड स्पोर्ट्र्स क्लबको संयुक्त आयोजनामा बागमती प्रदेश न्यू डायमण्ड कप खुला महिला राष्ट्रिय भलिबल प्रतियोगिता हुनेभएको छ।

कीर्तिपुरस्थित बहुउद्देश्यीय कभर्डहलमा हुने उक्त प्रतियोगितामा विभिन्न चार टोलीको सहभागिता रहने सोमबार यहाँ आयोजित पत्रकार सम्मेलनमा आयोजकका संयोजक कुमार राईले जानकारी दिनुभयो । उहाँका अनुसार प्रतियोगितामा सशस्त्र प्रहरी बल (एपिएफ), आयोजक न्यू डायमण्ड स्पोर्ट्स क्लब, नेपाल पुलिस क्लब र काठमाडौंको परोपकार आदर्श माध्यमिक विद्यालयको सहभागिता रहनेछ।

सहभागी टोलीबीच पहिले राउन्ड रोबिन लिगका आधारमा खेल हुनेछ। राउन्ड रोबिनमा शीर्ष दुई स्थान हात पार्नेले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् । तेस्रो र चौथो हुने टोलीले तेस्रो स्थानका लागि खेल्नेछन् । प्रतियोगितामा उपाधि विजेता टोलीले रु पाँच लाख प्राप्त गर्नेछ भने उपविजेताले रु दुई लाख ५० हजार पाउनेछ। त्यसैगरी प्रतियोगितामा तेस्रो स्थान हासिल गर्ने टोलीले एक लाख २५ हजार र चौथो हुने टोलीले रु ७५ हजार प्राप्त गर्ने आयोजकले जनाएको छ।

यसैगरी व्यक्तिगत विधातर्फ सर्वोत्कृष्ट घोषित हुने खेलाडीले रु २५ हजार र विधागततर्फको उत्कृष्ट हुने खेलाडी र प्रशिक्षकले जनही रु १० हजार पाउनेछन् । भोलिदेखि सुरु हुने उक्त प्रतियोगिता चार दिनदिन सम्म चल्नेछ।

# १९औँ राष्ट्रिय धान दिवस मनाइने

**रासस**
**काठमाडौं, १३ असार**

सरकारले औपचारिक रूपमा यस वर्षको १९औँ राष्ट्रिय धान दिवस आगामी असार १५ गते बुधबार खुमलटारस्थित धानबाली अनुसन्धान केन्द्रमा औपचारिक रूपमा मनाइने भएको छ।

"धानबालीमा जैविक विविधताको उपयोग, आयात प्रतिस्थापनमा सहयोग" भन्ने मूल नाराका साथ खुमलटारको अलवा देशका विभिन्न स्थानमा सांस्कृतिक कार्यक्रमको आयोजना गर्दै धान दिवस मनाउने कार्यक्रम रहेको कृषि तथा पशुपक्षी विभागले जनाएको छ । विभागद्वारा आज आयोजित पत्रकार सम्मेलनमा कृषि विभागका महानिर्देशक रेवतीरमण पौडेलले कृषि अनुसन्धान परिषद् (नार्क) को खेतमा रोपाइँ गरेर राष्ट्रिय धान दिवस औपचारिक सुरुआत गरिने जानकारी दिनुभयो । सरकारले प्रत्येक वर्ष असार १५ गते धान दिवस मनाउँदै आएको छ।

धान दिवसलाई रोपाइँ दिवस पनि भनिन्छ । असार १५ गते नेपालमा दही चिउरा खाने चलनसमेत चलिआएको छ । चिउरा धान कुटेर तयार पारिने खाद्यान्न हो । नेपालीको प्रमुख खाद्यन्न बाली धानको गरिमा र महत्व अर्थतन्त्रसँग जोडिएको छ। धानको उत्पादन बढ्दा कूल गार्हस्थ्य उत्पादन (जिडिपी) मा बढोत्तरी हुन्छ भने घट्दा जिडिपी घट्ने गरेको पाइन्छ । विश्व खाद्य सुरक्षाको दृष्टिकोणबाट धान महत्वपूर्ण अन्न बाली हो। विश्वका झन्डै चार अर्ब जनसङ्ख्याको आधार भूत खाद्यान्न चामल हो। धानको नेपालमा आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपमा महत्व छ। नेपालमा १३० जातका धानका बीउ सिफारिस भइसकेका छन्।

नेपालमा कूल खेतीयोग्य जमिनमध्ये ४७ प्रतिशत जमिनमा रोपाइँ हुन्छ । जसमध्ये तराई क्षेत्रको हिस्सा ७० प्रतिशतभन्दा माथि छ । नेपालमा कूल खेतीयोग्य जमिन करिब ३१ लाख हेक्टर रहेको छ।

# पाल्पाली सहकारीको चौंथो वार्षिकोत्सवमा रक्तदान

**पोखरापत्र संवाददाता**
**पोखरा, १३ असार**

पाल्पाली बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको चौंथो वार्षिकोत्सव अवसरमा सोमबार खुला रक्तदान कार्यक्रम भएको छ । कार्यक्रममा ३१ जनाले रक्तदान गरे।



प्रमुख अतिथि पोखरा महानगरपालिका वडा ९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले पाल्पाली समाज पोखराले लामो समयदेखि गर्दै आएको सामाजिक क्रियाकलापलाई आफूले नजिकबाट हेरेको बताए। उनले पाल्पासँग पारिवारिक सम्बन्ध समेत रहेको उल्लेख गर्दै वडा कार्यालयले आगामी दिनमा सक्दो सहयोग गर्ने बताए। उनले पोखराको नयाँबजार र न्युरोड क्षेत्रमा स्टि्रट नम्बर राख्ने तयारी गरिएको पनि जानकारी दिए।

नेपाल स्वयंसेवी रक्तदाता समाजका कास्की अध्यक्ष वीरेन्द्र पराजुलीले रक्तअभाव खड्किएको माग पूरा गर्दै आफ्नो संजाल ३५ जिल्लामा बिस्तार भएको जनाए।

जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी नायव उपरीक्षक सुन्दर तिवारीले अन्य चिजबस्तु जस्तो रगत बनाउन नसकिने र यसको मद्दतले मानवको जीवन बाँच्न सक्ने भएकोले रक्तदान जीवनदान र जीवनदान महादान भएको उल्लेख गरे।

सहकारी अध्यक्ष चिरञ्जीवी श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा सल्लाहकार समिति संयोजक लोकनाथ काफ्ले, सल्लाहकार जनपुकार मुनकर्मी लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । सहकारी लेखा सुपरीवेक्षण समितिका संयोजक नारायणप्रसाद पौडेलले स्वागत मन्तव्य व्यक्त गरेको कार्यक्रमको संचालन कार्यक्रम संयोजक एवं संस्थाका सचिव रेशम रचकले गरेका थिए । कार्यक्रममा प्राविधिक सहयोग रक्तसञ्चार केन्द्र पोखराले गरेको हो।

पहिलो रक्तदाता सेयर सदस्य इन्दिरा पौडेललाई ब्लडब्याग हस्तान्तरण गरी उद्घाटन गरिएको कार्यक्रम सहकारीको कार्यालय पोखरा ९, नयाँबजार परिसरमा भएको हो । संस्थाले सामाजिक उत्तरदायित्वअन्तर्गत नियमित रुपमा रक्तदान कार्यक्रम गर्दै आएको पाल्पाली समाज पोखराका अध्यक्ष समेत रहेका सहकारी सचिव रचकले बताए। सहकारी वार्षिकोत्सव अवसरमा केही दिनअघि आनन्दित गृहमा युरोगार्ड सहयोग गरिएको थियो।

## नागरिकता...

जाने भएकाले फोर्स तैनाथ गरेर राखिएको तथा इटहरी, सुर्खेतलगायत विभिन्नि भूभागमा विपद् हेलिकप्टरसहित आवश्यक तयारी गरेको जानकारी दिनुभयो । उहाँले मुलुकका कारागारमा आठ प्रतिशत लागूपदार्थका दोषी रहनु विडम्बना भएको र यसलाई कसरी घटनाउने तथा लागूऔषध दुरुपयोग कसरी घटनाउने भन्नेमा सरकारको ध्यान रहेको बताउनुभयो। मन्त्री खाणले भन्नुभयो, "उनीहरूलाई बन्दीको रूपमा नहेरी बाटो बिराएका नागरिकको रूपमा हेरेर स्वास्थ्य मन्त्रालयमार्फत राख्ने विषयमा राख्ने सन्दर्भमा छलफल भइरहेको उहाँले जानकारी दिनुभयो।

## छोरी....

विकासका लागि अनुदान सहयोग प्रदान गर्ने व्यवस्था मिलाइने नगरपालिकाले जनाएको छ । नगरपालिकामा लैङ्गीक हिंसा निवारण कोष सञ्चालन गर्ने र हिंसामा परेका महिलालाई कानूनी उपचारका लागि सहयोग एवं उनीहरुको सुरक्षा र संरक्षणको व्यवस्था मिलाइने दरौले उल्लेख गर्नुभयो।

उच्च शिक्षा अध्ययन गर्ने आर्थिकरुपमा विपन्न रहेका छात्रालाई छात्रवृत्ति उपलब्ध गराउने, दलित, सिमान्तकृत, लोपोन्मुख जाति एवं मुस्लिम समुदायका महिलालाई नेतृत्व विकास एवं सीप विकासका कार्यक्रममार्फत सशक्तीकरणको नीति लिइएको छ।

# खोलाले बगाएर बालिकाको मृत्यु

**रासस**
**दमौली, १३ असार**

तनहुँको भानु नगरपालिका-७ चन्द्रावतीमा चुँदीखोलाले बगाएर एक बालिकाको मृत्यु भएको छ । मृत्यु हुनेमा १८ महिनाकी काव्य श्रेष्ठ रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। घरभन्दा २० मिटर पछाडि रहेको खोलाले बगाइ सोही स्थानदेखि पाँच सय मिटर तल अचेत अवस्थामा भेटिएकी बालिकाको उपचारका क्रममा अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक राजकुमार विकले जानकारी दिनुभयो।


## सर्पको टोकाईबाट बचौं र बचाऔं ।

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुबी, सेता दुबी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्बन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरीनेछु ।
- जर्ज बार्वर

**सम्पादकीय**

# नेकपा एसको लफडा टर्यो

सत्ता गठबन्धन दल नेकपा एकीकृत समाजवादीको दबाबपछि मन्त्रिमण्डल पुनर्गठन भएको छ । पार्टीले मन्त्री फेरबदल गर्ने निर्णय गरेको २२ दिनपछि मन्त्रीहरूले सपथ लिएर कार्यभार सम्हालेका छन । प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले आइतबार साँझ मन्त्रिपरिषद् पुनर्गठन गरेपछि एकीकृत समाजवादीका मन्त्रीहरुको जिम्मेवारी हेरफेर भएको छ। यो सँगै नेकपा समाजवादीभित्र मन्त्री हेरफेरको 'लफडा' तत्कालका लागि अन्त्य भएको छ। तर, मन्त्री हेरफेरको विषय सार्वजनिक भएपछि समाजवादीमा देखिएको विवादको तुष भने हटेको छैन ।किन म्यादी मन्त्री बनाइन्छ भन्ने बहस शुरु भएको छ ।

मन्त्री हेरफेरको विज्ञप्ति सार्वजनिक हुने संकेत पाएपछि सो पार्टीका दुई जना पुराना मन्त्री प्रेम आले र रामकुमारी झाँक्रीले हतारहतार मन्त्रालयबाट विदाई भए भने बाँकी दुई जना कृष्णकुमार श्रेष्ठ र विरोध खतिवडा सोमबारमात्रै बिदाइ भए । नयाँलाई स्वागत गर्ने र विदाई हुने एकैचोटि हुने चलन पनि हटेको छ । समाजवादीले आफ्ना मन्त्रीहरू हेरफेर गर्न गरेको निर्णय र सिफारिस प्रधानमन्त्री देउवालाई कार्यान्वयन गर्न गठबन्धन तोड्ने देखि नेकपा एस विभाजन हुने सम्मका खेल हुन खोजेका हुन । मन्त्री हेरफेर गर्ने अधिकार प्रधानमन्त्रीमा भएपनि सत्ता सहयात्री दलको निर्णय कार्यान्वयन गर्नु देउवाका लागि बाध्यता थियो । २०७९ जेठ २२ गते बसेको एकीकृत समाजवादीको सचिवालय बैठकले मन्त्रीहरू हेरफेर गर्ने निर्णय गरेको थियो भने असार १ गते स्थायी कमिटीले उक्त निर्णय अनुमोदन गरेको थियो । मन्त्रीहरु रामकुमारी झाँक्री, विरोध खतिवडा, प्रेम आले र कृष्णकुमार श्रेष्ठलाई फिर्ता बोलाएको नेकपा समाजवादीले स्वाथ्य तथा जनसंख्या राज्यमन्त्री भवानी खापुङलाई बढुवा गर्न सिफारिस गरेको गरेको थियो । पुराना मन्त्री फिर्ता बोलाएर नेता जीवनराम श्रेष्ठलाई संस्कृति पर्यटन तथा नागरिक उड्डयन, मेटमणि चौधरीलाई शहरी विकास, शेरबहादुर कुँवरलाई श्रम रोजगार तथा सामाजिक सुरक्षा र हिरा केसीलाई स्वास्थ्य राज्यमन्त्री बनाउन गरेको पार्टीको निर्णय सोमबार नयाँ मन्त्रीहरुले पदवहाली गरेसँगै कार्यान्वयनमा गएपछि गठबन्धन कायमै रहने भएको छ ।

नेकपा एसको निर्णयप्रति फिर्ता बोलाइएको मन्त्रीहरुले असन्तुष्टि सार्वजनिक गर्ने देखि रोक्ने प्रयास गरे । उनीहरुले पार्टीले निर्णय गरिसकेपछि राजीनामा दिएर मार्ग प्रशस्त गर्नुको साटो कहिले बालुवाटार त कहिले खुलमटारतर्फ दौडधुप गरेर पार्टी निर्णयलाई चुनौती दिँदै पदमै बस्न चाहेका हुन् कि भन्ने प्रश्नहरु उब्जिए । फिर्ता बोलाइएका मन्त्रीहरूको अस्वभाविक सक्रियता बढ्न थालेपछि पार्टी नेताहरु प्रधानमन्त्री देउवा र गठबन्धन दलका नेताहरूमाथि नै आक्रोश पोख्न थाले । यही क्रममा अध्यक्ष माधव नेपालसँग पुराना र नयाँ मन्त्रीहरूबीच सवाल जवाफ नै चल्न पुग्यो । पुरानाले तत्काल पद नछोड्ने अडान देखाउने र नयाँले पार्टीको निर्णय किन कार्यान्वयन हुँदैन भनेर अध्यक्ष नेपाललाई प्रश्न गर्न थाले । यही प्रश्न बोकेर माधव नेपाल कहिले प्रधानमन्त्री भेट्न बालुवाटार त कहिले सत्ता साझेदार दल नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड भेट्न खुमलटार पुग्न बाध्य भए । आफ्नो पार्टीको निर्णय कार्यान्वयन गर्न नसकेर सबै तुरुप प्रयोग गर्नुपर्ने अवस्थाले विभाजन पद र शक्तिको लागि रहेछ भन्ने स्पष्ट भएको छ ।

एकीकृत समाजवादीका नेताहरु पार्टीभित्र अवसरवादी प्रवृत्ति झाँगिन सुरु भएकाले तत्कालका लागि मन्त्रीको लफडामात्रै मिलेको छ । पार्टीभित्रको आन्तरिक असन्तुष्टिका स्वरहरु मत्थर हुन सहज देखिदैन । तीन महिनपछि असन्तुष्ट मध्येका मन्त्री बनाउने आश्वासन कार्यान्वयनमा दबाब शुरु हुनेछ । संसदमा फ्लोर क्रस गर्नेदेखि एमालेमै रहँदा मन्त्रीका लागि बूढानीलकण्ठसम्म धाउने प्रेम आलेलगायतका नेताहरु त्यही समाजवादीमा छन् । त्यसमाथि पार्टीको निर्णयलाई चुनौती दिन तथा मन्त्री पद जोगाउनका लागि ३ सातासम्म गरेको 'शक्ति प्रयोग' असफल भएको सन्दर्भमा उनीहरुले आगामी दिनमा पनि अनेक राजनीतिक दाउपेज र खेल नखेल्लान् भन्न सकिन्न ।

## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : अप्रत्यसित लाभ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : कार्यमा सफलता | धनु | : मन चञ्चल |
| कर्कट | : सहयोग मिल्नेछ | मकर | : मानसिक तनाब |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सम्मान मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# गाउँ जोगाउन तटबन्ध गरिँदै

**रासस**
**मनाङ, १३ असार**

हिमाली जिल्ला मनाङस्थित मर्स्याङ्दी नदीमा आएको बाढीबाट जोगाउन तटबन्ध गरिँदैछ ।

मर्स्याङ्दी नदीमा गतवर्ष जेठ अन्तिम र असारमा आएको बाढीले डुबानमा परेको गाउँको बस्ती जोगाउन सो निर्माण कार्य भईरहेको हो ।

नदी कटानको उच्च जोखिममा परेको नासों गाउँपालिका-१ तालगाउँलाई जोगाउन ग्याबिन जाली सहितको पक्की तारजाली लगाउने काम भइरहेको छ। गतवर्ष बाढीले क्षति पुगेको बस्ती संरक्षणका लागि हिउँदमा सुरु भएर अहिलेसम्म निर्माण सम्पन्न भइसक्नुपर्ने भए पनि नदी कटानबाट जोगाउन बस्ती संरक्षणका लागि सो काम वर्षा लागेपछि बल्ल सुरु भएको हो । वर्षायाम सुरु हुनै लाग्दा थालिएको योजनाले पूर्णता नपाउने, बाढीले क्षति गर्ने, लगानी खेर जाने र जोखिम बढ्ने चुनौती देखिएको छ । सङ्घीय सरकारमार्फत भौतिक पूर्वाधार मन्त्रालयले यसवर्ष तालगाउँको संरक्षणका लागि मर्स्याङ्दी नदी कटान रोक्न ग्याबिन जाली लगाउन रु १९ लाख विनियोजन गरेको थियो । सोही बजेटबाट अहिले सो काम भइरहेको छ ।

समयमा नै बजेट उपलब्ध नहुँदा निर्माणको काम ढिलो गरी सुरु भएको निर्माण समितिले जनाएको छ । पूर्व राज्यमन्त्री टेकबहादुर गुरुङको पहलमा तालगाउँको बस्ती संरक्षणका लागि डिपीआर (विस्तृत आयोजना प्रतिवेदन) तयार गरिएको थियो ।

# पुराना चौतारी संरक्षण अभियान

**पोखरापत्र संवाददाता**
**बेनी, १३ असार**

म्याग्दीका बेनी नगरपालिकाका पुराना चौतारीको पुनःनिर्माण गरी तिनीहरुको संरक्षण गर्ने अभियान थालिएको छ । यसै क्रममा वडा नं ७ स्थित बसपार्क नजिक मालपोत भवन अगाडिको चौतारीलाई पुनःनिर्माण गर्न थालिएको छ।

जीर्ण अवस्थाको उक्त चौतारीको मर्मत वडा नं ७ ले सुरु गरेको हो । बर, पिपलसहितको उक्त चौतारी संरक्षणका लागि वडाले रु एक लाख २७ हजार बजेट विनियोजन गरेको छ। वडामा भएका पुराना चौतारीको संरक्षणका लागि जीर्ण अवस्थाको सो चौतारीको मर्मत सुरु गरिएको बेनी नगरपालिका-वडा नं ७ का नवनिर्वाचित अध्यक्ष रमेश श्रेष्ठले बताउनुभयो । चौतारीको एक छेउँमा ३ वटा मठ निर्माण गरिने छ। अर्को छेउँमा पिउने पानीका लागि सार्वजनिक धारासहित बगैंचा निर्माण गरिने वडाध्यक्ष श्रेष्ठले बताउनुभयो ।

पर्यावरण र चौतारीमा फोहर नगरुन भनेर मठ निर्माण गर्न लागिएको उहाँले बताउनुभयो । ढुङ्गाको पर्खाल लगाई ढुङ्गाकै छपनी ओछ्याएर बस्न सहज र आकर्षक बनाउने गरी निर्माण थालिएको छ । चौतारी अपाङ्ग गतामैत्री हुनेछ। ह्वील चियरको माध्यमबाट सिधैँ चौतारीमा गई विश्राम लिन मिल्ने गरी बाटो निर्माण गर्न लागिएको छ । वडावाट विनियोजित ८ लाख बजेटबाट नगरपालिका अगाडि नाली निर्माण तथा सरसफाई, मङ्गलाघाटमा नाली सरसफाइ, दोविल्लामा सडक ग्राभेललगायतका काम गरिएको छ । चौतारी पुनः निर्माणको कार्य पनि सोही बजेटमध्येबाट उपभोक्ता समितिमार्फत सञ्चालन गरिएको हो । समयमै काम सम्पन्न गर्ने गरी निर्माणलाई तीव्रता दिइएको टोल सुधार समितिका संयोजक तथा उपभोक्ता समितिका सदस्य रहमद खानले बताउनुभयो ।

बेनी बजारभित्र १७ चौतारी छन् । ती सबैको मर्मत तथा संरक्षणको कामलाई नगरपालिकाले निरन्तरता दिने बेनी नगरपालिकाका प्रवक्तासमेत रहनुभएका वडा अध्यक्ष श्रेष्ठले बताउनुभयो । बेनी बजारका स्थानीयवासी कृष्णप्रसाद श्रेष्ठ, चन्द्रकुमार श्रेष्ठ र मेजरमान श्रेष्ठका अग्रजले करिव २ सय वर्ष अगाडि सो चौतारी निर्माण गरी बर र पिपल रोपेको बताइएको छ। चौतारी निर्माणका लागि उहाँका आफन्तबाट पनि आर्थिक सहयोग उपलब्ध गराउने गरी छलफल अघि बढाइएको वडा अध्यक्ष श्रेष्ठको भनाइ छ । बेनपा- २ को खान्दुलामा खानी निकालेर त्यस क्षेत्रमा पखाल्ने गरेको इतिहास पाइन्छ । त्यतिवेला त्यस चौतारीलाई खानी पखाल्ने चौतारी पनि भन्ने गरिन्थ्यो । सो चौतारीको ऐतिहासिक महत्व समेत रहेको छ। निकै पुरानो वर र पिपलको रुख रहेको सो चौतारी मान्छेहरु बस्नै नमिल्ने गरी फोहोर भएको थियो । ढुङ्गाका पर्खाल पनि भत्किने अवस्थामा पुगेका थिए ।

# उपत्यकामा १२ जनामा हैजा देखियो

**रासस**
**काठमाडौं, १३ असार**

काठमाडौं उपत्यकामा १२ जना हैजाका बिरामी भेटिएका छन् ।

प्रतिनिधिसभाको शिक्षा तथा स्वास्थ्य समितिको आजको बैठकमा स्वास्थ्य सेवा विभागका महानिर्देशक डा दीपेन्द्ररमण सिंहले हालसम्म १२ जनामा हैजा पुष्टि भएको जानकारी दिनुभयो । तीमध्ये आठ जना उपचारपछि घर फर्किसकेका छन् भने चार जनाको उपचार भइरहेको छ । यस वर्ष उपत्यकामा पहिलो पटक यही असार ५ गते दुई जनामा हैजा पुष्टि भएको थियो ।

यही असार २ गते शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुमा भर्ना भएका १८ र २३ वर्षीय बिरामीमा हैजा पुष्टि भएको थियो । उनीहरु कामपा-२८ बागबजारमा बस्दै आएका थिए ।

**रक्तदान जीवनदान**
**जीवनदान महादान**

# 'एक वडा : एक स्वास्थ्यचौकी'

**पोखरापत्र संवाददाता**
**दमौली, १३ असार**

तनहुँको आँबुखैरेनी गाउँपालिकाले १५ शय्याको अस्पताल सञ्चालनमा ल्याउने भएको छ।

आँबुखैरेनी गाउँपालिका-३ मा सञ्चालन भइरहेको स्वास्थ्यचौकीको सेवा विस्तार गरी आगामी आर्थिक वर्ष ०७९/८० देखि पन्ध्र शय्याको अस्पताल सञ्चालन गर्न लागिएको हो । स्वास्थ्यचौकीलाई विस्तार गरी मेडिकल अधिकृतसहितको अस्पताल सञ्चालन गर्नका लागि बजेट विनियोजन गरिएको गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले जानकारी दिनुभयो । अस्पतालमा आकस्मिक, आधारभूत प्रयोगशाला, एक्सरे, भिडियो एक्सरे, इसिजी र फार्मेसीलगायतका सेवा प्रदान गरिनेछ । हाल स्वास्थ्यचौकीमा बर्थिङ सेन्टरलगायतका सेवा प्रवाहभइरहेकोछ।गाउँपालिकावासीलाई सहज र सरलरुपमा स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले अस्पताल सञ्चालनमा ल्याउन लागिएको चुमानले बताउनुभयो । गाउँपालिकामा अस्पताल नहुँदा यहाँका सर्वसाधारण चितवन, दमौली, पोखरालगायतका ठाउँमा उपचार गर्न जानुर्पने बाध्यता छ। गाउँपालिकाले ७० वर्षभन्दा माथिको ज्येष्ठ नागरिक र सुत्केरी हुँदा गर्भवतीलाई गाउँपालिकाको अस्पतालबाट निःशुल्क सेवा दिइनेछ । "अस्पताल सञ्चालन भएपछि सामान्य उपचारका लागि बाहिर जानुपर्ने बाध्यताको अन्त्य हुनेछ, ज्येष्ठ नागरिक र गर्भवतीलाई निःशुल्क सेवा दिन्छौँ", उहाँले भन्नुभयो । गाउँपालिकाले एक वडा : एक स्वास्थ्यचौकीको निर्माण कार्य सम्पन्न गर्ने गरी प्रक्रिया अगाडि बढाउनेछ । यसका लागि सङ्घ तथा प्रदेश सरकारसँग समन्वय र सहकार्य गरिने अध्यक्ष चुमानले बताउनुभयो । गाउँपालिकाले क्यान्सर बिरामीलाई एक पटकका लागि रु ५० हजार नगद सहयोग गर्ने नीति पारित गरेको छ। गाउँपालिकाले निजी, विभिन्न समूह र सङ्घसंस्थाको सहयोगमा वृहत उपचार तथा कोषको स्थापना गरिने उहाँले बताउनुभयो । "निश्चित कार्यविधि बनाई जटिल रोगको उपचार तथा विपद् तथा जोखिममा परेका पालिकाभित्रका व्यवसायी, व्यापारी तथा नागरिकको उद्धार तथा राहत कार्य अगाडि बढाउँछौँ", उहाँले भन्नुभयो । सुत्केरी आमासँग उपाध्यक्ष कार्यक्रम सञ्चालन गरी विपन्न परिवारमा पोषिलो खानाको व्यवस्था मिलाउने गाउँपालिकाले जनाएको छ । ग्रामीण भेगका वडामा टेलिमेडिसिन विधिबाट विशेषज्ञ सेवा विस्तार गरिने अध्यक्ष चुमानले जानकारी दिनुभयो ।

६० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकको मोबाइल एप्लिकेशन बनाई तथ्याङ्क राखिने जनाइएको छ । घुम्ती शिविरको माध्यमबाट प्रत्येक महिना एकचोटी गाउँ टोलमा नै गइ आधारभूत स्वास्थ्य जाँचको रिपोर्ट कार्ड बनाइने जनाइएको छ।

# सरकारी सवारीसाधन अलपत्र

**पोखरापत्र संवाददाता**
**पर्वत, १३ असार**

पर्वतका विभिन्न सरकारी कार्यालयका सवारीसाधन लामो समयदेखि अलपत्र बनेका छन् । कतिपय कार्यालयका थोत्रा भएर त कतिपय कार्यालयका मर्मत अभाव र चालकको दरबन्दी नहुँदा थन्किएका हुन् । जिल्ला समन्वय समिति, जिल्ला शिक्षा विकास समन्वय इकाइ, कोष तथा लेखा नियन्त्रण कार्यालय, जिल्ला प्राविधिक कार्यालयलगायतका सवारीसाधन अलपत्र अवस्थामा राखिएको छ।

जिल्ला समन्वय समितिका दुई वटा सवारीसाधन पुराना भएर बिग्रिएका छन् । बा१झ ६९३९ को ल्यान्डक्रुजर र नम्बर स्पष्ट नखुल्ने अर्को जीप बेकामे बनेका छन् । समितिका समन्वय अधिकारी सुरेश ढकालका अनुसार ल्यान्डक्रुजर विसं २०७३ सालेदखि थन्किएको हो। यो कार्यालयबाट नजिकै पर्छ तत्कालीन जिल्ला प्राविधिक कार्यालय । त्यसको प्राङ्गणमा पनि सेतो नम्बर प्लेटका दर्जन हाराहारी मोटरसाइकल थन्किएका छन् ।

त्यसैगरी तत्कालीन जिल्ला शिक्षा अधिकारीले प्रयोग गर्नुभएको ग१झ २८० नम्बरको हाइलक्स गाडी पनि कार्यालय परिसरभित्र झाडीले छोपेर चिन्नै नसकिने अवस्थामा छ। जिल्लाका अरु सरकारी कार्यालयको हातामा पनि यस्तै दृश्य देखिन्छ । कोष तथा लेखा नियन्त्रक कार्यालय परिसरमा नम्बर नखुल्ने कार बेवारिसे छ । पूर्वाधार, सिँचाइ, अस्पताललगायत कार्यालयमा पनि ठूलासाना कुनै न कुनै सवारी बेवारिसे अवस्थामा अलपत्र छन् । कार्यालय परिसरमा थन्किएका सवारीसाधन मर्मत गरेर नचलाउने तर नयाँ किनेर हुइँक्याउने प्रवृत्ति सबै सरकारी कार्यालयमा देखिन्छ। तत्कालीन जिविसले गाडी बिग्रिएको लामो समयसम्म पनि मर्मत वा लिलामी नगर्दा हाल जिससमा ल्यान्डक्रुजर र जीप तरकारीका लागि थाक्रो बनेका छन् । हाल जिसस प्रमुखले स्कर्पियो गाडी चढ्दै आउनुभएको छ भने शिक्षा विकास तथा समन्वय इकाइमा बोलेरो गाडी चालु अवस्थामा छ। यसअघि भूकम्प पुनर्निर्माण प्राधिकरणले प्रयोग गरेको उक्त गाडी प्राधिकरण खारेजीपछि इकाइले प्रयोग गरिरहेको हो । गाडी चालू अवस्थामा ल्याउन करिब रु पाँच लाख लाग्ने प्राविधिकले भनेपछि मर्मत नगरी बेवारिसे छोडिएको कार्यालय प्रमुख रामेश्वर लामिछानेले बताउनुभयो । सरकारी सम्पत्ति उपभोगमा नआएपछि त्यसलाई प्रक्रिया पुऱ्याएर लिलाम/बिक्री गर्नुपर्ने कानुनी प्रावधान रहे पनि सरकारी कार्यालयका मेसिनरी सामानको लिलाम गर्ने प्रक्रिया नै झण्झटिलो रहेको जिल्ला समन्वय अधिकारी ढकालले बताउनुभयो ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०७ 'ख' मा सरकारी सम्पत्तिको लिलाम/बिक्री गर्न सम्बन्धित कार्यालय प्रमुख वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीको संयोजकत्वमासम्बन्धितप्रजिअले तोकेको अधिकृतस्तरको प्राविधिक कर्मचारी र कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि रहनेगरी लिलामी समिति बनाउनुपर्ने उल्लेख गरिएको छ।

**उद्योग बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०७९/०३/१३

यस कार्यालयमा मिति २०७२/०१/१० मा कास्की जिल्ला साविक पोखरा महानगरपालिका वडा नं. ५ कि.नं. २५ मा संचालन गर्ने गरि पोखरा महानगरपालिका वडा नं. ५ कास्की निवासी कृष्ण बहादुर मगरको नाउँमा दर्ता भएको उ.द.नं. १०७८३/०७१/०७२ को सागर अफसेट प्रेस एण्ड ट्रेडका प्रोपाइट कृष्ण बहादुर मगरले मिति २०७९/०३/१३ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने उद्योग बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो उद्योगमा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको लेनदेन भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**

# बेँसीशहर-चामे सडक पुन:सञ्चालन

**पोखरापत्र संवाददाता**
**लमजुङ, १३ असार**

लमजुङ र मनाङ जोड्ने एक मात्र बेँसीशहर-चामे सडकखण्ड पुनःसञ्चालनमा आएको छ। यस सडकखण्डको सल्लाघारी भीरमा सडक ढलान गर्नका लागि आइतबारदेखि बन्द गरिएको थियो ।

बेँसीशहर-चामे सडकखण्डअन्तर्गत मनाङको चामे गाउँपालिका-२ सल्लाघारीमा ढलान गर्नका लागि आइतबारदेखि सडक बन्द गरिएकोमा आज साँझ ६ बजेदेखि पुनः सञ्चालनमा आएको मनाङका प्रमुख जिल्ला अधिकारी रविन्द्रप्रसाद आचार्यले जानकारी दिनुभयो । यात्रा असहज भइरहेको थियो तर यहाँ ढलान कार्य सम्पन्न भएसँगै दुर्घटनाको जोखिम कम र यात्रा पनि सहज भएको उहाँको भनाइ छ।

# बागलुङका पालिकाको प्राथमिकता : स्थानीय उत्पादनका ब्राण्डसहितको बजारीकरण

**पोखरापत्र संवाददाता**
**बागलुङ, १३ असार**

बागलुङको गलकोट नगरपालिकाले ढकायोको साँग, बाँको र मुलाको सिन्किको बजारीकरण गर्ने भएको छ।

गलकोटको घुम्टेलेक, रमुवा, पाण्डवखानी लगाएको उच्च भागमा पाइने ढकायो साँग, बाँको र मुलाको सिन्किलाई ब्राण्ड बनाएर बजारीकरण गर्ने नीति ल्याएको छ । नगरपालिकाले ढकायो, बाँको र सिन्किलाई नगरकै पहिचानका रुपमा विकास गरी बजारीकरण गर्ने जनाएको छ। नगरप्रमुख भरत शर्मा गैरेले गलकोटले कोसेलीको रुपमा आगन्तुक पाहुना र पर्यटकलाई सिन्की दिने, विदेशमा भएका आफन्तलाई कोसेली पठाउने गरी बजारीकरणको योजनासहित बजेट तथा कार्यक्रममा समेटेको बताउनुभयो। "यहाँका केही घरबासले ढकायो, मुला र बाँकोको सिन्कीलाई मुख्य आकर्षक परिकारका रुपमा बनाउँदै आएका छन्, गलकोटमा दरमकोखालाको माछा जतिकै प्रख्यात छ त्यतिकै यहाँको उच्च भागमा पाइने बाँको र ढकायोलाई सिन्किको रुपमा बजारीकरण गर्ने हाम्रो नीति हो", उहाँले भन्नुभयो "स्थानीय महिलाले उत्पादन गरेको सिक्नीलाई हामीले खरिद गरेर मायाको चिनो तथा उपहार तथा कोसेलीका रुपमा बजारीकरण गर्छौं, जसका लागि यो वर्ष बजेटको समेत व्यवस्थापन गरेका छौं ।" नगरपालिकाले उद्यम विकासमा रु २६ लाख र लघु उद्यम विकास कार्यक्रममा रु ३० लाख बजेटसमेत व्यवस्थापन गरेको छ। नगरपालिकाले नयाँ कृषि, पशुपन्छी फर्म र घरेलु उद्योग स्थापनका लागि रु २० लाखभन्दा बढी लगानी गर्ने ५० युवाका लागि पाँच वर्षसम्मका लागि ब्याजमा ५० प्रतिशत अनुदान दिने नीति ल्याएको छ।

गलकोटले मात्रै हैन बागलुङका १० पालिका मध्ये अधिकांश स्थानीयतहले कृषिउपज तथा स्थानीय हस्तकला र घरेलु उत्पादनलाई बजारीकरण गर्ने जिम्मा पालिकाले लिन नीति ल्याएका छन् । दश पालिकाले आफ्नो नीति तथा कार्यक्रम र बजेटमा स्थानीय उत्पादनको बजारीकरणलाई प्राथमिकतामा राखेको पाइएको छ । उत्पादन भएका घरेलु वस्तुले बजार नपाएको गुनासोपछि पालिकाले यस्तो नीति ल्याउन थालेका हुन्।

बागलुङको जेठो पालिका बागलुङ नगरपालिकाले घरेलु उत्पादनको बजारीकरणका लागि कृषि गाडी सञ्चालन गर्ने, घरेलु मदिरा ब्राण्डिङ गर्ने नीति ल्याएको नगर प्रमुख वसन्तकुमार श्रेष्ठले बताउनुभयो । "घरेलु मदिरा फाल्ने, विदेशी मदिरा खाने प्रचलन मौलाउदो छ, नगरपालिकाले घरेलु मदिरा ब्राण्डिङ गर्ने र बिक्री वितरण गर्न दिने नीति ल्याएको छ, यस्तै अर्गानिक कृषिउपजलाई बजार ल्याउनका लागि नगरपालिकाले कृषि गाडी सञ्चालनमा ल्याउने नीति ल्यएको छ", उहाँले भन्नुभयो, "ब्राण्ड र लेवलिङ गर्नसके घरेलु मदिरासमेत बिक्री वितरण गर्न पाइन्छ, नगरपालिकाले कृषि गाडी सञ्चालनमा ल्याएपछि गाउँको उत्पादन सर्वसुलभरुपमा बजारमा ल्याइने व्यवस्था मिलाइने छ।" नगरले कृषि गाडी सञ्चालनसँगै दूध, अण्डा, मासु र तरकारी, आत्मनिर्भर बागलुङ नगरीरुपमा विकास गर्ने कार्यक्रम अगाडि सारेको छ।

नगरपालिकाले स्थानीयरुपमा उत्पादन गरिने मदिरालाई सबै स्वास्थ्यका मापदण्ड पूरा गरी बजारीकरण गर्ने नीति तथा कार्यक्रममा समावेश गरिएका जनाएको छ।

यस्तै जिल्लाको ताराखोलालले भाङ्गो र आलुलाई ब्राण्डिङ गर्ने भएको छ । गाउँपालिकाका प्रमुख उत्पादनका रुपमा रहेको भाङ्गो र आलुलाई बजारीकरण गर्न पालिकाले सघाउने गरी नीति तथा कार्यक्रम पास गरेको गाउँपालिका अध्यक्ष धनबहादुर विकले बताउनुभयो। पालिकामा व्यावसायिक पशुपालनलाई वृद्धि गरी दुग्ध सङ्कलन केन्द्र स्थापना गर्ने, दुग्धजन्य पदार्थको उत्पादन प्रशोधन भण्डारण तथा बजारीकरण गर्ने, पशुमा कृतिम गर्भदान मिसन कार्यक्रम सञ्चालन गर्ने, नर्सरी निर्माणगरी आवश्यक बीउ तथा बिरुवा उत्पादन गरिने, बाँजो जग्गालाई खेतीयोग्य जग्गामा परिणत गर्ने, कृषि बीमा कार्यक्रम सञ्चालन गर्ने र फलफूल दशक बिरुवा रोपण कार्यक्रम सञ्चालन गर्ने उहाँले बताउनुभयो।

पालिकाले उत्पादनका आधारमा अनुदान दिने र उनीहरूले उत्पादन गरेको नेपाली कागज, अल्लो धागो, राडी, भाङ्गो र निगालोबाट निर्मित वस्तु उत्पादनका लागि सिर्जना स्तरोन्नति सीप विकास तालिम र प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गर्ने गाउँपालिकाले जनाएको। निजी तथा सार्वजिनक स्थल तथा सामुदायिक क्षेत्रमा रहेका स्लेट ढुङ्गा उत्खननका लागि वातावरणीय प्रभाव मूल्याङ्कनसम्बन्धी अध्ययन गर्न सहजीकरण गर्ने नीति लिएको छ । यस्तै जिल्लाको काठेखोला गाउँपालिकाले विद्यार्थीलाई दिवा खाजामा स्थानीय उत्पादनलाई प्राथमिकता दिने, नयाँ घरवासलाई प्रवर्द्धन गर्दै पाहुँनाको सत्कार काठेखोलाको संस्कार भन्ने नीति लिएको गाउँपालिका अध्यक्ष राजु थापाले बताउनुभयो। यस्तै तमानखोला गाउँपालिकाले स्थानीय उत्पादनको स्वाद चखाउने गरी घरबास पर्यटनको विकासका लागि मौलिक गाउँ घोषणा गर्ने भएको छ।

यस्तै जैमिनी नगरपालिकाले बाँझो जग्गा एकीकृत गरी मसला बाली विकास तथा घाँस विकास कार्यक्रम सञ्चलना गर्ने नीति लिएको नगरप्रमुख नरबहादुर पुनले बताउनुभयो । उहाँले नगरपालिकाले बाँझो जग्गाको उपयोगितामार्फत रोजगारी सिर्जना हुने कार्यक्रमलाई प्राथमिकता राख्दै बाँझो जग्गाको उपयोगिता, रोजगारीको सुनिश्चितता भन्ने नाराका साथ बाँझो रहेको जग्गालाई उचित व्यवस्थापन गर्दै रोजगारी सिर्जना हुनेखालका कार्यक्रम ल्याउने नीति नगरपालिकाले सार्वजनिक गरेको हो । यस्तै आर्थिक विकासको पहिलो सूचक कृषि बनाएको नगरपालिकाले 'कृषकसँग नगरपालिका कार्यक्रम' सञ्चालन गरेर पशुपन्छीपालक कृषकलाई अनुदान दिने नीति लिएको छ।



पृथ्वी राजमार्गको सडक चौडा : पृथ्वी राजमार्ग सडकअन्तर्गत तनहुँको व्यास नगरपालिका-५ स्थित चापाघाटमा सडक बिस्तारको क्रममा पहिरा गएको स्थानमा रिटेनिङ्ग वाल निर्माण गरिँदै। राजमार्गमा दुई चरणमा ठेक्का भएर काम अघि बढाइएको छ। तस्बिर : सानेबहादुर नेपाली/रासस

# प्रत्येक गर्भ जाँच गराउँदा अण्डा उपलब्ध गराइने

**रासस**
**मुग्लिन, १३ असार**

चितवनको इच्छाकामना गाउँपालिकाले गर्भवती महिलाले गर्भ जाँच गराउँदा अण्डा उपलब्ध गराउने भएको छ । पालिकाभित्रको स्वास्थ्य संस्थामा गर्भ जाँच गराउन आउने गर्भवती महिलालाई अण्डा उपलब्ध गराइने भएको हो।

गर्भवती महिलालाई नियमित स्वास्थ्य संस्थामा आई गर्भ जाँच गराउनका लागि प्रेरित गर्ने उद्देश्यले उक्त कार्यक्रम सञ्चालन गर्न लागिएको गाउँपालिका उपाध्यक्ष माया सिलवालले बताउनुभयो । गाउँपालिकाले आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रममा समेटिएको उक्त कार्यक्रमका लागि बजेट विनियोजनसमेत गरिएको उपाध्यक्ष सिलवालले बताउनुभयो । उहाँका अनुसार उक्त कार्यक्रमअनुसार प्रत्येक पटक गर्भवती जाँच गराउँदा एक क्यारेट अण्डा उपलब्ध गराइने छ । "हामीले गर्भवतीलाई नियमित रुपमा स्वास्थ्य संस्थामा आई गर्भ जाचँ गराउनका लागि प्रेरित गर्न प्रत्येक जाँचमा एक क्यारेट अण्डा कार्यक्रम ल्याएका हौं, उक्त कार्यक्रमका लागि बजेट विनियोजन गरेका छौं", उपाध्यक्ष सिलवालले भन्नुभयो।"

यसैबीच गर्भवतीई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइने उपाध्यक्ष सिलवालले बताउनुभयो । उहाँका अनुसार सबै स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर तथा ल्याब सञ्चालन गर्ने, किशोरकिशोरीका लागि प्रजनन स्वास्थ्यसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नाका साथै खोप, सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्यसँग सम्बन्धित आधारभूत सेवा सुविधालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वंयसेविकालाई परिचालन गर्न थप प्रोत्साहन गरिनेछ । उहाँले गाउँपालिकामा रहेको साविकको दारेचोक स्वास्थ्य चौकीमा आवश्यक व्यवस्थापनसहित तत्काल १५ शय्याको इच्छाकामना अस्पताल सञ्चालन गरिने जानकारी दिनुभयो । उहाँले गाउँपालिकामै सहजरुपमा स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले अस्पताल सञ्चालनमा ल्याउन लागिएको बताउनुभयो । यहाँ अस्पताल नहुँदा भरतपुर नै पुग्नुपर्ने अवस्था रहेको छ।

साथै कुरिनटारमा निर्माण सुरु गरी अलपत्र भएको १५ शय्याको इच्छाकामना अस्पतालको अधुरो काम सुचारु गर्न जग्गा प्राप्तिको प्रक्रिया अगाडि बढाइ अस्पताल निर्माण कार्यलाई तीव्रता दिइनेछ। राजमार्ग क्षेत्रमा हुने सडक दुर्घटनाका घाइते तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नका लागि विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटारको ट्रमा सेन्टर तथा निजी स्वास्थ्य संस्थासँगसमेत सहकार्यका लागि समन्वय गरिने उपाध्यक्ष सिलवालले जानकारी दिनुभयो।

उहाँका अनुसार गाउँपालिकाका अति विपन्न गरिब परिवारलाई निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम लागू गरिने छ, भने सबै वडामा घरदैलो ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरिने छ।

# किसानको खर्च बढाउँदै शीतभण्डार

**पोखरापत्र संवाददाता**
**बागलुङ, १३ असार**

किसानको उत्पादन सुरक्षा र बजारीकरणका लागि आगामी आर्थिक वर्षमा पनि बागलुङका केही स्थानीय तहले शीतभण्डार निर्माणका लागि बजेटको व्यवस्था गरेका छन्।

प्राय फलफूल उत्पादन हुने क्षेत्र र नगदेबाली उत्पादन हुने क्षेत्रमा शीतभण्डार निर्माणमा स्थानीय सरकारको चासो छ । सङ्घीय सरकार र प्रदेश सरकारले पनि किसानको सहायताका लागि शीतभण्डार निर्माण गर्न बेलाबेलामा त्यस्ता योजनामा रकम विनियोजन गरेर कार्यान्वयनमा ल्याइरहेका छन्। शीतभण्डार निर्माण भएका क्षेत्रका किसानले भने शीतभण्डार फाइदा लिनेभन्दा खर्च हुने बाटो बनेको गुनासो गर्न थालेका छन्।

बागलुङको काठेखोला गाउँपालिका-३ धम्जामा तीन वर्षको अवधिमा दुई वटा शीतभण्डार तयार भए । शीतभण्डार निर्माण हुने खबर पाएका किसानले पहिले ठूलो भवन माग गरे । गाउँपालिका र प्रदेश सरकारको सहयोगमा भवन निर्माण गरी प्रदेश सरकारसँगको साझेदारीमा शीतभण्डार निर्माण गरियो तर रु ८० लाख खर्चेर बनाइएको भवनमा रु २५ लाख पर्ने शीतभण्डारको चेब्बर त तयार गरिए पनि त्यही चेब्बर किसानको कमाई मास्ने साधन बनेको छ । "शीतभण्डारको चेब्बर सानो हुँदोरहेछ थाहै भएन, पहिला ठूलो भवन बनाइयो अहिले भवन प्रयोगविहीन जस्तै छ, कोल्डस्टोरमा पनि के राख्ने", स्थानीयवासी यामबहादुर रोकाले भन्नुभयो, "भवन बनाउने पैसाले कोष बनाएको भए व्यवस्थापन खर्च चलाउन सहज हुनेरहेछ।"

काठेखोला गाउँपालिकाको आलु पकेट क्षेत्रका रुपमा रहेको धम्जामा आलु फल्ने याममा बाहेक शीतभण्डारमा राख्ने केही हुँदैन । दुई/तीन महिना मात्रै प्रयोगमा आउने र अन्य समयमा खाली रहने भएकाले किसानले शीतभण्डारबाट फाइदा लिन नसकेका हुन् । शीतभण्डारका लागि आवश्यक ऊर्जा पुऱ्याउनकै लागि किसानलाई कठिन भइरहेको वडाध्यक्ष कुलबहादुर विकले बताउनुभयो । "वर्षमा रु ५० देखि ६० हजार विद्युत्को महसुल आउँछ, किसानले प्रयोग गरेबापत लिइएको शुल्कले फाइदा त्यति धेरै हुँदैन", उहाँले भन्नुभयो, "बाह्रै महिना भराउन नसके शीतभण्डार सञ्चालन महँगो पर्दोरहेछ।" अन्यत्रबाट फलफूल तथा तरकारी ल्याएर भण्डारण गर्दा ढुवानी महँगो पर्ने, मूल्य नउठ्ने र स्थानीयस्तरमा आलुबाहेक भण्डारण गर्ने अरु उत्पादन नहुँदा किसान मर्कामा परेको वडाध्यक्ष विकले बताउनुभयो। "वडाले सधैं त्यहाँको सञ्चालन खर्च बेहोर्न सक्ने कुरा भएन, किसान आफैंले पनि कसरी सक्ने हो र", उहाँले भन्नुभयो, "प्रविधिसँगै किसानलाई विविध उत्पादनको सीप पनि दिनुपर्छ भन्ने लागेको छ।" वडा कार्यालयले छिमेकी वडासँग मिलेर त्यहाँ भएका उत्पादन भण्डारण गर्ने र बजार मूल्य पाउने समयमा बिक्री गर्ने योजना बनाएको छ । यहाँका किसानले आलु भण्डारणकै लागि शीतभण्डार माग गरेका थिए । वार्षिक उत्पादन हुने आलु फसल लिएको दुईदेखि तीन महिनामा बिक्री भइसक्ने भएकाले भण्डार खाली हुने गरेको छ। बागलुङ नगरपालिका-८स्थित सिगानामा बनेको शीतभण्डार पनि सुन्तलाको याममा मात्रै चल्छ । विद्युतमार्फत् सञ्चालन हुने शीतभण्डारका लागि अर्को खर्चको स्रोत हो इन्धन। विद्युत् नभएको समयमा जेनेरेटर चलाएर विद्युत् प्रवाह गर्नुपर्दा किसानलाई थप मर्का परेको हो।

# व्यासद्वारा कृषि व्यवसायमा स्थानीय उत्पादन कर छुट

**रासस**
**तनहुँ, १३ असार**

व्यास नगरपालिका कार्यालयले कृषि व्यवसायमा लाग्ने स्थानीय उत्पादन कर नलिने भएको छ । कृषिसँग सम्बन्धित पशुपक्षी, माछा, फलफूल, तरकारी र दूधलगायतका स्थानीय उत्पादनमा लाग्ने करमा नगरपालिकाले छुट गरेको हो।

साथै दुग्ध सहकारीमार्फत बिक्री हुने दूधमा प्रतिलिटर रु एक र सहकारीमार्फत बिक्री हुने खसीबोकामा प्रतिकिलो रु १० का दरले सम्बन्धित किसानलाई अनुदान दिने कार्यक्रम रहेको छ।

व्यास नगरपालिकाको हालै सम्पन्न ३७औं नगरसभाबाट आर्थिक वर्ष २०७९/८० को बजेट तथा नीति कार्यक्रमले पनि उक्त कार्यक्रमलाई पारित गरेको नगर उपप्रमुख इन्दिरा दरैले जानकारी दिनुभयो। सेवा शुल्क र दस्तुरका दर, व्यवसाय कर सम्पत्ति कर एवं भूमि कर, घरनक्सा पास दस्तुर, खानीजन्य ढुङ्गा, गिटी, बालुवा, ग्रावेल, रोडा, स्लेट ढुङ्गा चुनढुङ्गा, ब्लक, इँटा, कटिङ, कबाडी सामान र काठ आदिमा लिइने दस्तुर सामान्य हेरफेर गरी करको दायरा फराकिलो बनाउन लागेको उपप्रमुख दरैले जानकारी दिनुभयो । आगामी बजेटमा कृषि क्षेत्रको जैविक तथा आधुनिकीकरणमा विकास, स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षाको प्रत्याभूति, पर्यटन क्षेत्रको एकीकृत विकासमा जोड दिइएको छ । त्यसैगरी सडक, खानेपानी, खेलकुद मैदान, कार्यालय भवन, पार्क निर्माणलगायत पूर्वाधारको विकास, उत्पादनमूलक उद्योगमैत्री कार्यक्रम र मानव संशाधनको विकास र सुशासनको प्रत्याभूति हुने गरी काम गर्ने योजना बनाइएको प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलले जानकारी दिनुभयो।

# १५ अर्बको विकास ऋणपत्र बिक्री गर्दै राष्ट्र बैंक

**रासस**
**काठमाडौं, १३ असार**

नेपाल राष्ट्र बैंकले रु १५ अर्ब बराबरको विकास ऋणपत्र बिक्री गर्ने भएको छ।

बैंकले सोमबार सूचना प्रकाशित गर्दै पाँच वर्ष अवधिको विकास ऋणपत्र बिक्री गर्ने जानकारी दिएको हो । बोलकबोलबाट ब्याजदर निर्धारण हुने ऋणपत्र बैंक तथा वित्तीय संस्था, गैर बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, सङ्गठित संस्था तथा नेपाली नागरिकले खरिद गर्न सक्नेछन्। इच्छुक खरिदकर्तामध्ये प्रतिस्पर्धीले निष्काशित रकमको ८५ प्रतिशत अर्थात् रु १२ अर्ब ७५ करोड र अप्रतिस्पर्धीले १५ प्रतिशत अर्थात् रु दुई अर्ब २५ करोड बराबरको ऋणपत्र खरिद गर्न सक्ने केन्द्रीय बैंकले जनाएको छ। ऋणपत्रको साँवा भुक्तानी २०८४ असार १५ गते हुने छ भने यसको ब्याज अर्धवार्षिक रुपमा हुने र ब्याजमा आयकर लाग्ने सूचनामा उल्लेख छ।

खरिदकर्ताले घटीमा रु ५० हजार र बढीमा कूल निष्काशित रकमको सीमा नबढाइ रु ५० हजारले भाग गर्दा निशेष भाग जाने अङ्क बराबर खरिद गर्न पाउने छन् । दोस्रो बजार कारोबार नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमार्फत हुने ऋणपत्र खरिदको बोलकबोल मङ्गलबार हुनेछ। यस्तो ऋणपत्र धितो राखेर बैंक तथा वित्तीय संस्थाबाट ऋणसमेत लिन सकिने छ।

# देशभर मनसुनी वायुको प्रभाव : हल्कादेखि मध्यम वर्षाको सम्भावना

**रासस**
**काठमाडौं, १३ असार**

मनसुनी वायुको प्रभावले देशभर आंशिकदेखि पूर्ण बदली रही अधिकांश स्थानमा हल्कादेखि मध्यम वर्षा हुने भएको छ।

जल तथा मौसम विज्ञान विभागका अनुसार देशभर मनसुनको प्रभाव रहेको छ । उक्त प्रणालीको प्रभावले देशभर सामान्यदेखि पूर्ण बदली रही देशका पहाडी भूभागका धेरै र बाँकी भूभागका थोरै स्थानमा मेघगर्जन/चटचाङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना छ। साथै, प्रदेश नं १ तथा गण्डकी प्रदेशका एक/दुई स्थानमा भारी वर्षाकोसमेत सम्भावना छ। रातको समयमा देशभर सामान्यदेखि पूर्ण बदली भई देशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । प्रदेश नं १, मधेस प्रदेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा तथा कर्णाली र सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको बताइएको छ। मङ्गलबार देशभर सामान्यदेखि पूर्ण बदली रही देशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । साथै, प्रदेश नं १, मधेस प्रदेश, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा तथा कर्णाली र सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको विभागले जनाएको छ।